विधेयक संख्याः-

# राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ लाई संशोधन गर्न बनेको विधेयक

२०८२

## युवा तथा खेलकुद मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

# उद्देश्य र कारण

नेपालको संविधानको भाग-४ को दफा ५१ मा राज्यका नीतिहरु अन्तर्गत खण्ड (ञ) को सामाजिक न्याय तथा समावेशीकरण सम्बन्धी नीतिको बुँदा नं. १३ मा स्वस्थ्य, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकूद तथा खेलाडीमा योजनाबद्ध लगानी गर्ने र खेलकुदलाई राष्ट्रिय एकता सुदृढ गर्ने एवम् अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय सम्मान अभिवृद्धि गर्ने माध्यमको रुपमा विकास गर्ने व्यवस्था गरिएको छ। खेलकुदको माध्यमबाट स्वस्थ्य, सक्षम, अनुशासित, मर्यादित खेलाडी र सिर्जनशील नागरिक तयार गर्न, राष्ट्रिय एकताको प्रवर्द्धन, प्रतिष्ठाको अभिवृद्धि, खेलकुदको क्षेत्रमा अध्ययन, अनुसन्धान, विकास तथा विस्तार गरी यसको सञ्चालन तथा व्यवस्थापन गर्न राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ जारी भएको छ।

प्रस्तुत ऐनमा भएका व्यवस्थाहरुलाई समसामयिक रुपमा परिमार्जन गरी खेलकुद क्षेत्रलाई अझ बढी अनुशासित, व्यवस्थित, मर्यादित तथा प्रतिष्पर्धी बनाई अन्तराष्ट्रिय रुपमा समेत राष्ट्रको प्रतिष्ठा अभिवृद्धि गर्न सक्ने सक्षम खेलाडी तथा नागरिक तयार गर्न राष्ट्रिय खेलकुद विकास ऐन,२०७७ मा संशोधन आवश्यक भएको छ। यस विधेयकमा खेल संस्थाको परिभाषा, राष्ट्रिय खेलकुद परिषद्को सदस्य सचिवको अधिकतम उमेर हद, परिषद्का कर्मचारीको समायोजन गर्न सकिने, लेखा र व्यवस्थापन परीक्षण, खेल संस्थाका पदाधिकारी तथा सदस्यको निर्वाचन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड बमोजिमको विधिको पालना, मुद्दा हेर्ने अधिकारी तथा अवैतनिक सद्भावना दुत नियुक्त गर्न सकिने सहितका व्यवस्था गरिएका छन्। खेलकुद क्षेत्रलाई अझ बढी जवाफदेही, मर्यादित, जिम्मेवार र पारदर्शी बनाउन राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसदमा पेश गर्नु परेको हो।

तेजु लाल चौधरी
मन्त्री
युवा तथा खेलकुद मन्त्रालय

# सैद्धान्तिक अवधारणा

राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को कार्यान्वयनमा देखिएका व्यावहारिक समस्याहरू समाधान गर्न र खेलकुद संस्थाहरूको कार्यसम्पादन पारदर्शी, जवाफदेही र उत्तरदायी बनाउन यो संशोधन आवश्यक भएको हो।

प्रस्तावित संशोधनबाट खेल संस्था तथा समितिहरूको दर्ता, निर्वाचन, पूर्वाधार व्यवस्थापन, उमेर हद, मानव संसाधन समायोजन, व्यवस्थापन परीक्षण, एन्टीडोपिङ, र छानबिन प्रक्रिया लगायतका विषयहरूलाई स्पष्ट र प्रभावकारी बनाउने लक्ष्य राखिएको छ।

यसले खेलकुद क्षेत्रमा संस्थागत सुदृढीकरण, कानुनी स्पष्टता र अन्तर्राष्ट्रिय मान्यतासँग मेल खाने वातावरण तयार गर्ने अपेक्षा गरी सरोकारवाला निकायको सहभागिता तथा राय परामर्श समेतको आधारमा प्रस्तुत संशोधन विधेयकको मस्यौदा तयार भएको हो ।राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ लाई संशोधन गर्न बनेको विधेयकको मस्यौदा तयार गरी संघीय संसदमा पेश गर्न स्वीकृतिका लागि नेपाल सरकार, मन्त्रिपरिषद्मा पेश गरिएकोमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२/०२/१२ मा स्वीकृत भएकोले प्रस्तुत विधेयक पेश गरिएको हो ।

मा. तेजु लाल चौधरी
मन्त्री
युवा तथा खेलकुद मन्त्रालय

# आर्थिक टिप्पणी

विद्यमान राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ बमोजिम राष्ट्रिय खेलकुद परिषद् र सो अन्तर्गत रहेका ओलम्पिक कमिटी, पारा ओलम्पिक कमिटी, विशेष ओलम्पिक कमिटी र राष्ट्रिय खेल संघ तथा महासंघको व्यवस्थापकीय र संरचनागत पक्षलाई पारदर्शी, जवाफदेही र जिम्मेवार बनाई कार्यसम्पादनलाई वस्तुनिष्ठ बनाउन तथा खेल क्षेत्रलाई नियमन गर्ने व्यवस्था प्रभावकारी बनाउन राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ लाई संशोधन गर्न बनेको विधेयक प्रस्ताव गरिएको छ।

प्रस्तुत विधेयकमा राष्ट्रिय खेलकुद परिषद्का कर्मचारीलाई ज्येष्ठता, रोजाई र स्थायी ठेगानासमेतका आधारमा संघ, प्रदेश वा स्थानीय तहका खेदलकुद सम्बन्धी संरचनामा समायोजन गर्न सकिने, खेल संस्थाको पदाधिकारी तथा सदस्यको निर्वाचन, खेल संघ वा महासंघका बीच भएका विवादको निक्यौंलको लागि छानविन समिति गठन गर्न सकिने सहितका व्यवस्था प्रस्ताव गरिएका छन्। मौजुदा तथा प्रस्तावित व्यवस्थाहरुबाट राष्ट्रिय खेदकुद परिषद्लाई पर्न जाने आर्थिक दायित्व सालवसाली रुपमा बिनियोजन हुने रकमबाट नै व्यहोरिने भएकोले प्रस्तुत विधेयकमा प्रस्तावित व्यवस्थाले नेपाल सरकारलाई दीर्घकालको लागि थप आर्थिक व्ययभार पर्न जाने देखिंदैन।

तेजु लाल चौधरी
मन्त्री
युवा तथा खेलकुद मन्त्रालय

# व्याख्यात्मक टिप्पणी

**राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ लाई संशोधन गर्न बनेको विधेयकको कार्यान्वयनमा देखिएका व्यवहारिक समस्याहरू समाधान गर्न, खेलकुद संस्थाहरूको व्यवस्थापनमा पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्व सुनिश्चित गर्न तथा समसामयिक आवश्यकताहरूलाई संबोधन गर्न ऐन संशोधनको आवश्यकता देखिएकोले यो संशोधन विधेयक प्रस्ताव गरिएको हो ।**

| क्र.सं. | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| १. | संक्षिप्त नाम र प्रारम्भ | यस ऐनको नाम "राष्ट्रिय खेलकुद विकास (पहिलो संशोधन) ऐन, २०८२" रहेको छ ।यो ऐन तुरुन्त प्रारम्भ हुनेछ। संशोधन ऐनको नाम स्पष्ट पारिएको छ र ऐन तुरुन्त लागू हुने व्यवस्था गरिएको छ ताकि प्रभावकारिता कायम रहोस्। |
| २. | राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा २(च) मा संशोधन | "खेल संस्था" को परिभाषा परिष्कृत गर्दै विशेष खेल समितिहरू (ओलम्पिक, पारा ओलम्पिक, विशेष ओलम्पिक) लाई समेत स्पष्ट रूपमा समेटिएको छ, जसले संस्थागत स्पष्टता ल्याउँछ। |
| ३. | मूल ऐनको दफा १५ मा संशोधन | खेलकुद पूर्वाधार निर्माण मात्र होइन, तिनको सञ्चालन, संरक्षण र मर्मत संभारसमेत परिषद्को कार्यक्षेत्रमा स्पष्ट रूपमा समावेश गरिएको छ। |
| ४. | मूल ऐनको दफा १७ उपदफा (११) (ग) मा संशोधन | परिषद्का सदस्यहरूको सेवा समाप्तिको उमेर हद स्पष्ट गरी ६५ वर्ष तोकिएको छ, जसले नेतृत्वमा स्थायित्व र कार्यक्षमता सुनिश्चित गर्ने अपेक्षा गर्नुका साथै संवैधानिक निकाय र अन्ताराष्ट्रिय अभ्यासलाई समेत दृष्टिगत गरी उमेर हद कायम गरिएको छ। |
| ५. | मूल ऐनको दफा १९क को उपदफा (६) मा संशोधन | स्थायी कर्मचारीहरूको समायोजनका लागि एक वर्षको समयसीमा सहित स्पष्ट कानूनी आधार प्रदान गरिएको छ, जसले मानव संसाधन व्यवस्थापनमा सहायता पुग्नेछ। |
| ६. | मूल ऐनको दफा २१ मा संशोधन | दफा शिर्षकमा "**व्यवस्थापन परिक्षण**" थप गरी "लेखा परिक्षण र व्यवस्थापन परिक्षण" गरिएको, परिषद्को कार्यसम्पादनमा |

| | | |
|---|---|---|
| | | मूल्याङ्कन र सुधारको व्यवस्था गर्न प्रत्येक दुई वर्षमा व्यवस्थापन परीक्षण अनिवार्य गरिएको छ। |
| ७. | मूल ऐनको दफा २२ मा संशोधन | अयोग्यता सम्बन्धी व्यवस्थालाई विस्तृत पार्दै सार्वजनिक पद धारण गरेका व्यक्तिहरूलाई समेत समावेश गरिएको छ, जसले स्वार्थको द्वन्द्व निवारण गर्छ। |
| ८. | मूल ऐनको दफा २५ मा संशोधन | थप रूपमा सार्वजनिक पदधारीहरूलाई पनि प्रशिक्षक/कर्मचारीको सन्दर्भमा समेट्दै स्पष्टता प्रदान गरिएको छ। |
| ९. | मूल ऐनको दफा २६ मा संशोधन | दर्ता प्रक्रियामा स्पष्टता ल्याइएको छ। अन्तर्राष्ट्रिय आबद्धता नलिने खेल संघको हैसियत स्थानीय क्लबसरह हुने व्यवस्था गरिएको छ। नवीकरणको समयसीमा निर्धारण गरी नियमन प्रभावकारी बनाउन खोजिएको छ। |
| १०. | मूल ऐनको दफा २८ मा संशोधन | "परिषद्" सट्टा "समिति" शब्द प्रयोग गरी निर्णय प्रक्रिया स्पष्ट पारिएको छ। विदेशी प्रशिक्षक/खेलाडी ल्याउँदा मन्त्रालयको स्वीकृति आवश्यक बनाइएको छ। |
| ११. | मूल ऐनमा दफा २८क. थप | खेल संस्था दर्ता पश्चात निर्वाचनको समयसीमा निर्धारण गरी तदर्थ समितिको प्रावधान र दर्ता खारेजीको सम्भावना राखिएको छ। यसले संस्थागत लोकतन्त्रलाई मजबुत पार्छ। |
| १२. | मूल ऐनको दफा २९ मा संशोधन | ऐनको दफा १४ बमोजिमको कार्यकारी समितिलाई कुनै खेल संघ वा महासंघले दफा २८ बमोजिम कुनै शर्त उलंघन गरेमा सोको कार्यान्वयन गर्न जिम्मेवारी प्रदान गरेको छ । |
| १३. | मूल ऐनको दफा ३० को उपदफा (१) र (२) मा संशोधन | एन्टीडोपिङ उल्लङ्घन सम्बन्धी विस्तृत प्रावधान राखी अन्तर्राष्ट्रिय मापदण्ड अनुसार ऐनलाई अद्यावधिक गरिएको छ। एन्टीडोपिङ सम्बन्धी राष्ट्रिय वा अन्तर्राष्ट्रिय मापदण्ड बमोजिमको विधि उल्लङ्घन गर्नु हुँदैन भन्ने मान्यता र अवधारणागत विकास गर्न खोजिएको छ । |
| १४. | मूल ऐनको दफा ३२ मा संशोधन | कसूरको दायरा फराकिलो गरिएको छ ।<br>एन्टीडोपिङ सम्बन्धी राष्ट्रिय वा अन्तर्राष्ट्रिय मापदण्ड बमोजिमको विधि उल्लङ्घन गरेमा कसूर हुने व्यवस्था छ । |

| | | |
|---|---|---|
| १५. | मूल ऐनको दफा ३४ मा संशोधन | मुद्दा हेर्ने अधिकारी र कारबाही गर्ने निकाय स्पष्ट रूपमा तोकिएको छ (जिल्ला अदालत, एन्टीडोपिङ एजेन्सी, राष्ट्रिय खेलकुद परिषदका सदस्य सचिव), जसले संस्थागत स्पष्टता ल्याउँछ। |
| १६. | मूल ऐनको दफा ३६ मा संशोधन | प्रतिवन्धित औषधिको मात्रा र प्रकृति सम्वन्धमा ऐनको दफा ३३ को खण्ड "क" र ख" बमोजिमको कसूरमा सजाय हुने नेपाल सरकार वादी मुद्दा रहेकोमा मुलुकी फौजदारी संहिता, २०७४ को अनूसूची-१ बाट हटाई राष्ट्रिय एन्टीडोपिङ एजेन्सीलाई शुरू कारवाही र किनारा गर्न तोकिएको छ । |
| १७. | मूल ऐनमा दफा ४२क. र<br>४२ख. थप | **४२क. "छानविन समिति गठन गर्न सक्नेः"** विवाद समाधानका लागि छानबिन समिति गठनको व्यवस्था गरिएको छ।<br><br>**४२ख. "अवैतनिक सदभावना दुत नियुक्त गर्नेः"** ख्यातिप्राप्त व्यक्तिलाई अवैतनिक सद्भावना दुत नियुक्त गर्न सकिने प्रावधानले खेलाडीमा मनोबल वृद्धिमा टेवा पुग्नुका साथै खेलकुद क्षेत्रमा सकारात्मक सन्देश प्रवाह हुनेछ। |
| १८. | मूल ऐनको दफा ४३ मा संशोधन | एन्टीडोपिङ एजेन्सीलाई राष्ट्रिय र अन्तराष्ट्रिय रूपमा सवल सक्षम र स्वायत्त संस्थाको रूपमा घोषणा गरिएको छ। |
| १९. | मूल ऐनको दफा ५१ मा संशोधन, उपदफा ३ र ४ थप | परिषद्ले खेल संस्थालाई निर्देशन दिन सक्ने र सो को परिपालना गर्न खेलसंस्थाहरूको कर्तव्य हुने भनी स्पष्ट पारिएको छ । |

**मा. तेजु लाल चौधरी**
**मन्त्री**
**युवा तथा खेलकुद मन्त्रालय**

# प्रत्यायोजित व्यवस्थापन सम्वन्धी टिप्पणी

| सि.न. | दफा / उपदफा /खण्ड | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सिमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| १. | नयाँ थप भएका दफा ४२ ख उपदफा (२) बमोजिम | अवैतनिक सदभावना दुत नियुक्त गर्ने | अवैतनिक सदभावना दुतको भुमिका **नियमावलीले तोक्ने** | नेपाल सरकारले नियुक्त गरेका ख्यातिप्राप्त व्यक्तिलाई अवैतनिक सद्भावना दुत नियुक्त गर्न सकिने प्रावधानले खेलाडीको मनोबल वृद्धिमा टेवा पुग्नुका साथै खेलकुद क्षेत्रमा सकारात्मक सन्देश प्रवाह हुनेछ। |

मा. तेजु लाल चौधरी
मन्त्री
युवा तथा खेलकुद मन्त्रालय

## राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ लाई संशोधन गर्न बनेको विधेयक

**प्रस्तावनाः** राष्ट्रिय खेलकुद विकास ऐन,२०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, सङ्घीय संसदले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "राष्ट्रिय खेलकुद विकास (पहिलो संशोधन) ऐन, २०८२" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा २ मा संशोधनः** राष्ट्रिय खेलकुद विकास ऐन,२०७७ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छः-

"(च) "खेल संस्था" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको खेलकुद सम्बन्धी संस्था, खेल संघ, राष्ट्रिय खेल संघ वा महासंघ सम्झनु पर्छ र सो शब्दले दफा ३७ बमोजिमको ओलम्पिक कमिटी, पारा ओलम्पिक कमिटी वा विशेष ओलम्पिक कमिटीलाई समेत जनाउँछ।"

३. **मूल ऐनको दफा १५ मा संशोधनः** मूल ऐनको दफा १५ को,-

(१) खण्ड (त) मा रहेको "पूर्वाधार निर्माण" भन्ने शब्दहरूको सट्टा "खेलकुद पूर्वाधार निर्माण" भन्ने शब्दहरू राखिएका छन्।

(२) खण्ड (त) पछि देहायको खण्ड (त१) थपिएको छः-

"(त१) खेलकुद पूर्वाधार सञ्चालन, संरक्षण, मर्मत संभार सम्बन्धी कार्य गर्ने, गराउने,"

४. **मूल ऐनको दफा १७ मा संशोधनः** मूल ऐनको दफा १७ को उपदफा (११) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-

"(ग) निजको उमेर पैसठ्ठी वर्ष पूरा भएमा,"

५. **मूल ऐनको दफा १९ मा संशोधनः** मूल ऐनको दफा १९ को उपदफा (६) को सट्टा देहायको उपदफा (६) राखिएको छः-

"(६) परिषद्मा कार्यरत स्थायी कर्मचारीलाई यो उपदफा प्रारम्भ भएको मितिले एक वर्षभित्र नेपाल सरकारले एक पटकका लागि ज्येष्ठता,

कर्मचारीको रोजाई र स्थायी ठेगाना समेतका आधारमा संघ, प्रदेश र स्थानीय तहका खेलकुद सम्बन्धी संरचनामा समायोजन गर्न सक्नेछ।"

६. **<u>मूल ऐनको दफा २१ मा संशोधनः</u>** मूल ऐनको दफा २१ को,-

(१) दफा शीर्षकमा रहेका "लेखा र लेखापरीक्षण" भन्ने शब्दहरूको सट्टा "लेखा, लेखापरीक्षण र व्यवस्थापन परीक्षण" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छः-

"(४) मन्त्रालयले प्रत्येक दुई वर्षमा परिषद्को व्यवस्थापन परीक्षण गर्नु पर्नेछ।"

७. **<u>मूल ऐनको दफा २२ मा संशोधनः</u>** मूल ऐनको दफा २२ को,-

(१) उपदफा (२) को खण्ड (ख) मा रहेका "पदाधिकारी हुन नसक्ने" भन्ने शब्दहरूको सट्टा "पदाधिकारी वा सदस्य हुन नसक्ने" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (५) को खण्ड (घ) पछि देहायको खण्ड (घ१) थपिएको छः-

"(घ१) सार्वजनिक पद धारण गरेको व्यक्ति,"

८. **<u>मूल ऐनको दफा २५ मा संशोधनः</u>** मूल ऐनको दफा २५ को ठाउँ ठाउँमा रहेका "कर्मचारी तथा प्रशिक्षक" भन्ने शब्दहरूको सट्टा "कर्मचारी, सार्वजनिक पद धारण गरेको व्यक्ति तथा प्रशिक्षक" भन्ने शब्दहरू राखिएका छन्।

९. **<u>मूल ऐनको दफा २६ मा संशोधनः</u>** मूल ऐनको दफा २६ को,-

(१) उपदफा (२) मा रहेका "परिषद्मा" भन्ने शब्दहरूको सट्टा "परिषद्को कार्यालयमा" भन्ने शब्दहरू राखी सोही उपदफाको खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः-

"(ख) प्रचलित कानूनले निर्धारण गरे बमोजिमको ढाँचामा तयार पारिएको संघको विधानको प्रतिलिपि,"

(२) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) उपदफा (२) बमोजिम परिषद्मा दर्ता हुन निवेदन दिने नेपालका मौलिक खेल बाहेकका अन्य खेल संघ वा महासंघले सोही खेलसँग सम्बद्ध अन्तर्राष्ट्रिय खेल संघ वा महासंघ रहेछन् भने त्यस्तो संघ वा महासंघको एक वर्षभित्र आबद्धता लिनु पर्नेछ र सो समयावधिभित्र आबद्धता नलिएका खेलसंघ वा महासंघले राष्ट्रिय मान्यता पाउने छैनन् र त्यस्तो खेलसंघ वा महासंघको हैसियत स्थानीय खेल संस्था वा क्लब सरह मानिनेछ।"

(३) उपदफा (१०) को सट्टा देहायको उपदफा (१०) राखिएको छः-

"(१०) उपदफा (९) बमोजिमको अवधि समाप्त हुनु भन्दा अघि खेल संघ वा महासंघले नवीकरणको लागि तोकिए बमोजिमका कागजातहरू संलग्न गरी परिषद्को कार्यालयमा निवेदन दिनु पर्नेछ। यसरी परिषद्मा निवेदन नपरेका तथा नवीकरण नभएका खेल संघ वा महासंघले राष्ट्रिय मान्यता पाउने छैनन् र त्यस्ता खेलसंघ वा महासंघको हैसियत स्थानीय खेल संघ वा क्लब सरह मानिनेछ।"

१०. **मूल ऐनको दफा २८ मा संशोधनः** मूल ऐनको दफा २८ को,-

(१) खण्ड (झ) मा रहेका "परिषद्को स्वीकृति लिई" भन्ने शब्दहरूको सट्टा "समितिको स्वीकृति लिई" भन्ने शब्दहरू राखिएका छन्।

(२) खण्ड (ञ) मा रहेका "परिषद्लाई जानकारी दिई" भन्ने शब्दहरूको सट्टा "समितिलाई जानकारी दिई" भन्ने शब्दहरू राखिएका छन्।

(३) खण्ड (ट) पछि देहायको खण्ड (ट१) थपिएको छः-

"(ट१) विदेशी प्रशिक्षक वा खेलाडी झिकाउँदा समितिको सिफारिसमा मन्त्रालयको पूर्व स्वीकृति लिनुपर्ने,"

११. **मूल ऐनमा दफा २८क. थपः** मूल ऐनको दफा २८ पछि देहायको दफा २८क. थपिएको छः-

"२८क. **खेल संस्थाको पदाधिकारी तथा सदस्यको निर्वाचन समयमै सम्पन्न गर्नु पर्नेः** (१) खेल संस्था दर्ता गर्दा पदाधिकारी तथा सदस्यको रुपमा विधानमा व्यवस्था भएका पदाधिकारी तथा सदस्य खेल संस्थाको संस्थापक कार्य समितिको रुपमा रहनेछन् र सो समितिले

खेल संस्था दर्ता भएको मितिले छ महिनाभित्र खेल संस्थाका पदाधिकारी तथा सदस्यको निर्वाचन सम्पन्न गर्नु पर्नेछ।

(२) खेल संस्थाका पदाधिकारी तथा सदस्यले आफ्नो पदावधि सकिनु भन्दा कम्तीमा एक महिना अगावै खेल संस्थामा आउने नयाँ पदाधिकारी तथा सदस्यको निर्वाचन सम्पन्न गरी सक्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको अवधिमा निर्वाचन सम्पन्न गर्न नसकेमा परिषद्ले खेल संस्थाका पदाधिकारी तथा सदस्यको पदावधि सकिएको मितिले तीन महिनाभित्र खेल संस्थाका नयाँ आउने पदाधिकारी तथा सदस्यको निर्वाचन सम्पन्न गर्ने गरी तदर्थ कार्य समिति गठन गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिमको तदर्थ कार्य समितिले पनि खेल संस्थाका नयाँ आउने पदाधिकारी तथा सदस्यको निर्वाचन गर्न नसकेमा परिषद्ले त्यस्तो खेल संस्थाको परिषद्मा गरिएको दर्ता खारेज गर्न सक्नेछ।"

**१२. <u>मूल ऐनको दफा २९ मा संशोधन:</u>** मूल ऐनको दफा २९ को ठाउँठाउँमा रहेको "परिषद्ले" भन्ने शब्दको सट्टा "समितिले" भन्ने शब्द राखिएको छ।

**१३. <u>मूल ऐनको दफा ३० मा संशोधन:</u>** मूल ऐनको दफा ३० को,-

(१) उपदफा (१) मा रहेका "प्रतिबन्धित औषधि सेवन गर्नु हुँदैन" भन्ने शब्दहरूको सट्टा "प्रतिबन्धित औषधि सेवन गर्न वा एन्टीडोपिङ सम्बन्धी राष्ट्रिय वा अन्तर्राष्ट्रिय मापदण्ड बमोजिमको विधि उल्लङ्घन गर्नु हुँदैन" भन्ने शब्दहरू राखिएका छन्:-

(२) उपदफा (२) को स्पष्टीकरणको सट्टा देहायको स्पष्टीकरण राखिएको छ:-

"<u>स्पष्टीकरण:</u> यस दफाको प्रयोजनको लागि "प्रतिबन्धित औषधि" भन्नाले राष्ट्रिय एन्टीडोपिङ एजेन्सी वा अन्तर्राष्ट्रिय रुपमा मान्यताप्राप्त एन्टीडोपिङ संस्थाद्वारा खेलाडीले प्रयोग गर्न नपाउने गरी प्रतिबन्ध लगाएको औषधि वा विधि सम्झनु पर्छ।"

१४. **मूल ऐनको दफा ३२ मा संशोधनः** मूल ऐनको दफा ३२ को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

"(क) दफा ३० को उपदफा (१) विपरित प्रतिबन्धित औषधि सेवन गरेमा वा एन्टीडोपिङ सम्बन्धी राष्ट्रिय वा अन्तर्राष्ट्रिय मापदण्ड बमोजिमको विधि उल्लङ्घन गरेमा,"

१५. **मूल ऐनको दफा ३४ मा संशोधनः** मूल ऐनको दफा ३४ को सट्टा देहायको दफा ३४ राखिएको छः-

"**३४. मुद्दा हेर्ने अधिकारीः** दफा ३३ को खण्ड (ग), (घ), (च) र (छ) बमोजिम सजाय हुने कसुर सम्बन्धी मुद्दाको शुरु कारबाही तथा किनारा गर्ने अधिकार जिल्ला अदालतलाई, खण्ड (क) र (ख) बमोजिम सजाय हुने कसूरसम्बन्धी मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार दफा ४३ बमोजिमको राष्ट्रिय एन्टीडोपिङ एजेन्सीलाई र खण्ड (ङ) बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार सदस्य सचिवलाई हुनेछ।"

१६. **मूल ऐनको दफा ३६ मा संशोधनः** मूल ऐनको दफा ३६ मा रहेका "दफा ३३ को खण्ड (क), (ख), (ग) र (घ)" भन्ने शब्दहरूको सट्टा "दफा ३३ को खण्ड (ग) र (घ)" भन्ने शब्दहरू राखिएका छन्।

१७. **मूल ऐनमा दफा ४२क. र ४२ख. थपः** मूल ऐनको दफा ४२ पछि देहायका दफा ४२क. र दफा ४२ख. थपिएका छन्ः-

"४२क. **छानबिन समिति गठन गर्न सक्नेः** (१) खेल संघ वा महासंघको बीचमा वा खेल विधाका विषयमा विवाद भएमा त्यसको निक्यौंल गर्न परिषद्ले परिषद्को सदस्यको संयोजकत्वमा सम्बन्धित क्षेत्रको प्रतिनिधित्व रहने गरी छानविन समिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको छानविन समितिको कार्याविधि तथा कार्यक्षेत्रगत शर्तहरू त्यस्तो समिति गठन गर्दाका बखत परिषद्ले निर्धारण गरे बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिमको छानविन समितिले आफूलाई सुम्पिएको विषयमा छानविन गरी सुझाब वा सिफारिस सहितको प्रतिवेदन तयार गरी परिषद्मा पेश गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त प्रतिवेदनबाट सुझाव वा सिफारिस गरेका विषय परिषद्ले कार्यान्वयन गर्न वा गराउनेछ।

४२ख. **अवैतनिक सद्भावना दुत नियुक्त गर्न सक्नेः** (१) नेपाल सरकारले खेल क्षेत्रमा ख्याती कमाएका तथा खेलकुद क्षेत्रमा सकारात्मक सन्देश फैलाउन सहयोग गरेका व्यक्तिहरूलाई अवैतनिक खेलकुद सद्भावना दुत नियुक्त गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम नियुक्त अवैतनिक खेलकुद सद्भावना दुतको भूमिका तोकिए बमोजिम हुनेछ।"

**१८. मूल ऐनको दफा ४३ मा संशोधनः** मूल ऐनको दफा ४३ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) खेलकुदमा प्रतिबन्धित औषधि सेवन विरुद्ध कार्य गर्न स्वशासित र स्वायत्त संस्थाको रुपमा एक राष्ट्रिय एन्टीडोपिङ एजेन्सी रहनेछ।"

**१९. मूल ऐनको दफा ५१ मा संशोधनः** मूल ऐनको दफा ५१ को उपदफा (२) पछि देहायका उपदफा (३) र (४) थपिएका छन्ः-

"(३) परिषद्ले खेल संस्थालाई खेलकुद र खेल संस्था सम्बन्धी विषयमा यस ऐन तथा प्रचलित कानूनको प्रतिकुल नहुने गरी आवश्यक निर्देशन दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम परिषद्ले दिएको निर्देशनको पालना गर्नु सम्बन्धित खेल संस्था

## राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ लाई संशोधन गर्न बनेको संशोधन विधेयकको

## तीन महले विवरण

| क्र.सं. | दफा, उपदफा, तथा खण्ड, उपखण्ड | हालको व्यवस्था | संशोधनका लागि प्रस्तावित व्यवस्था | संशोधनको पुष्ट्याई |
|---|---|---|---|---|
| १. | ------ | हाल व्यवस्था नभएको। | १. **संक्षिप्त नाम र प्रारम्भः** (१) "राष्ट्रिय खेलकुद विकास (पहिलो संशोधन) ऐन, २०८२" रहेको छ।<br>(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ। | कानूनको ढाँचा बमोजिम मिलाइएको। |
| २. | दफा २ को खण्ड (च) मा संशोधन। | (च) "खेल संस्था" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको खेलकुद सम्बन्धी संस्था सम्झनु पर्छ। | २. **राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा २ को खण्ड (च) मा संशोधनः** राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छः-<br>"(च) "खेल संस्था" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको खेलकुद सम्बन्धी संस्था, खेल संघ, राष्ट्रिय खेल संघ वा महासंघ सम्झनु पर्छ र सो शब्दले दफा ३७ बमोजिमको ओलम्पिक कमिटी, पारा ओलम्पिक कमिटी वा विशेष ओलम्पिक कमिटीलाई समेत जनाउँछ।" | सबै खेल संस्थालाई परिभाषामा समेटी यी संस्थाको नियमन गर्न तथा ओलम्पिक कमिटीहरुलाई परिषद्मा दर्ता हुने व्यवस्था भएकोले । |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| ३. | दफा १५ को खण्ड (त) मा संशोधन। | दफा १५ (त) पूर्वाधार निर्माण, प्रशिक्षण, प्रतियोगिता, आयोजना सम्बन्धमा संघ, प्रदेश तथा स्थानीय तहबीच समन्वय गर्ने । | ३. **<u>मूल ऐनको दफा १५ मा संशोधनः</u>** (१) मूल ऐनको दफा १५ को खण्ड (त) मा रहेको "पूर्वाधार निर्माण" भन्ने शब्दहरुको सट्टा "खेलकुद पूर्वाधार निर्माण" भन्ने शब्दहरु राखिएका छन्। | खेलकुद क्षेत्रसँग सम्बन्धित पूर्वाधारहरु समेट्न खेलकुद क्षेत्रको विशिष्टीकृत शब्द राखी पूर्वाधार निर्माणलाई वस्तुनिष्ठ बनाउन । |
| | दफा १५को खण्ड (त) पछि खण्ड (त१) थप। | हाल व्यवस्था नभएको। | (२) मूल ऐनको दफा १५को खण्ड (त) पछि देहायको खण्ड (त१) थप गरिएको छ।<br>"(त१) खेलकुद पूर्वाधार सञ्चालन, संरक्षण, मर्मत संभार सम्बन्धी कार्य गर्ने, गराउने," | खेलकुद पूर्वाधार सम्बन्धी कार्य गर्दा समितिलाई जवाफदेही तथा जिम्मेवार बनाउन । |
| ४. | दफा १७ को उपदफा (११) को खण्ड (ग) मा संशोधन। | (ग) निजको उमेर साठी वर्ष पूरा भएमा, | ४. **<u>मूल ऐनको दफा १७ को उपदफा (११) को खण्ड (ग) मा संशोधनः</u>** मूल ऐनको दफा १७ को उपदफा (११) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ।<br>"(ग) निजको उमेर पैसठ्ठी वर्ष पूरा भएमा," | संवैधानिक निकायको अवकासको उमेर, नेपालीको औषत आयुमा भएको वृद्धि, खेलकुद क्षेत्रमा खटिन सक्ने अवस्था एवम् अन्तर्राष्ट्रिय प्रचलनलाई समेत दृष्टिगत गरी उमेर अवधि बढाइएको। |

| | | | | |
|---|---|---|---|---|
| ५. | दफा १९ को उपदफा (६) मा संशोधन। | **दफा १९ को उपदफा (६)** परिषद्मा कार्यरत स्थायी कर्मचारीलाई यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र नेपाल सरकारले एकपटकका लागि संघ, प्रदेश र स्थानीय तहका खेलकुद सम्बन्धी संरचनामा समायोजन गर्न सक्नेछ। | ५. **मुल ऐनको दफा १९ को उपदफा (६) मा संशोधनः** मुल ऐनको दफा १९ को उपदफा (६) को सट्टा देहायको उपदफा (६) राखिएको छः- "(६) परिषद्मा कार्यरत स्थायी कर्मचारीलाई यो उपदफा प्रारम्भ भएको मितिले एक वर्षभित्र नेपाल सरकारले एक पटकका लागि ज्येष्ठता, कर्मचारीको रोजाई र स्थायी ठेगाना समेतका आधारमा संघ, प्रदेश र स्थानीय तहका खेलकुद सम्बन्धी संरचनामा समायोजन गर्न सक्नेछ।" | राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ मा एक वर्ष अवधि भनिएको हाल सो अवधि व्यतित भई सकेकोले सक्षम तथा योग्य स्थायी कर्मचारीलाई प्रदेश तथा स्थानीय तह अन्तर्गतका खेलकुद सम्बद्ध निकायहरुमा समायोजन कार्य पुनः शुरु गर्नका लागि कानूनी प्रवन्ध गर्न आवश्यक भएको । |
| ६. | दफा २१ को शीर्षकमा संशोधन। | दफा २१. लेखा र लेखापरीक्षणः (१) परिषद्ले आफ्नो आय व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखु पर्नेछ। | ६. **मूल ऐनको दफा २१ को शीर्षकमा संशोधनः** (१) मुल ऐनको दफा २१ को दफा शीर्षकमा रहेका "लेखा र लेखापरीक्षण" भन्ने शव्दहरूको सट्टा "लेखा, लेखापरीक्षण र व्यवस्थापन परीक्षण" भन्ने शब्दहरू राखिएका छन्। | परिषद्को व्यवस्थापन परीक्षण गरी कार्यसम्पादन स्वच्छता, पारदर्शिता र जवाफदेहीता कायम गर्न । |
| | दफा २१ मा संशोधन। | हाल व्यवस्था नभएको। | (२) मूल ऐनको दफा २१ को उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छः<br>(४) "मन्त्रालयले प्रत्येक दुई वर्षमा परिषद्को व्यवस्थापन परीक्षण गर्नु पर्नेछ।" | |

| | | | | |
|---|---|---|---|---|
| ७. | दफा २२ को उपदफा (२) को खण्ड (ख) मा संशोधन। | (ख) खेल संघको विधानमा एउटै व्यक्ति एकै पटक एक भन्दा बढी खेल संघको पदाधिकारी हुन नसक्ने व्यवस्था हुनुपर्ने। | ७. **<u>मुल ऐनको दफा २२ मा संशोधनः</u>** (१) मुल ऐनको दफा (२२) को उपदफा (२) को खण्ड (ख) मा रहेका "पदाधिकारी हुन नसक्ने" भन्ने शब्दहरूको सट्टा "पदाधिकारी वा सदस्य हुन नसक्ने" भन्ने शब्दहरू राखिएका छन्। | खेलकुद क्षेत्रमा स्वच्छता कायम गर्न। |
| | दफा २२ को उपदफा (५) मा खण्ड(घ१) थप। | हाल व्यवस्था नभएको। | (२) मुल ऐनको दफा (२२) को उपदफा (५) को खण्ड (घ) पछि देहायको खण्ड (घ१) थपिएको छः-<br>"(घ१) सार्वजनिक पद धारण गरेको व्यक्ती," | सार्वजनिक पद धारण गरेको व्यक्ति संघमा निर्वाचित वा मनोनीत हुन नपाउने व्यवस्था गर्न। |
| ८. | दफा २५ मा संशोधन। | दफा २५. संघमा संलग्नताः (१) परिषद्का बहालवाला सदस्य-सचिव, कर्मचारी तथा प्रशिक्षक खेल संघको कुनै पदमा रहनु हुँदैन।<br>(२) उपदफा (१) विपरीत परिषद्का बहालवाला सदस्य-सचिव, कर्मचारी तथा प्रशिक्षक खेल संघको कुनै पदमा रहेको प्रमाणीत भएमा त्यस्तो संघले वैधता प्राप्त गर्न सक्ने छैन र त्यस्ता सदस्य-सचिव, कर्मचारी | ८. **<u>मूल ऐनको दफा २५ मा संशोधनः</u>** मूल ऐनको दफा २५ को ठाउँ ठाउँमा रहेका "कर्मचारी तथा प्रशिक्षक" भन्ने शब्दहरूको सट्टा "कर्मचारी, सार्वजनिक पद धारण गरेको व्यक्ती तथा प्रशिक्षक" भन्ने शब्दहरू राखिएका छन्। | खेल संघमा आवद्ध हुन नहुने सम्बन्धमा दफा २५ को व्यवस्थामा सार्वजनिक पद धारण गर्ने व्यक्तिलाईसमेत समावेस गर्न आवश्यक भएको। |

| | | | | |
|---|---|---|---|---|
| | | तथा प्रशिक्षकलाई प्रचलित कानून बमोजिम कारबाही हुनेछ। | | |
| ९. | दफा २६ को उपदफा (२) को खण्ड (ख) मा संशोधन। | (२) उपदफा (१) बमोजिम परिषद्मा दर्ता गराउनको लागि देहाय बमोजिमका कागजातहरु संलग्न गरी तोकिए बमोजिमको दस्तुर सहित परिषद्मा निवेदन दिनु पर्नेछः<br>(क) प्रदेश खेल संघ दर्ता प्रमाणपत्रको प्रतिलिपि,<br>(ख) संघको विधानको प्रतिलिपि,<br>(ग) संघका पदाधिकारी र सदस्यहरुको नाम, थर र ठेगाना सहितको विवरण र<br>(घ) तोकिए बमोजिमका अन्य कागजातहरु। | ९. **<u>मूल ऐनको दफा २६ मा संशोधनः</u>** (१) उपदफा (२) मा रहेका "परिषद्मा" भन्ने शब्दहरूको सट्टा "परिषद्को कार्यालयमा" भन्ने शब्दहरू राखी सोही उपदफाको खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः-<br>"(ख) प्रचलित कानूनले निर्धारण गरे बमोजिमको ढाँचामा तयार पारिएको संघको विधानको प्रतिलिपि," | प्रशासनिक कार्यका लागि पनि परिषद्मा जानु पर्ने अवस्थाको अन्त्य गरी कार्यालयबाटै कार्य सम्पादन गर्न र विधानको ढाँचामा एकरुपता कायम गर्न। |
| | दफा २६ को उपदफा (३) मा संशोधन। | (३) उपदफा (२) बमोजिम परिषद्मा दर्ता हुन निवेदन दिने नेपालका मौलिक खेल बाहेकका अन्य खेल संघ वा महासंघले सोही खेलसँग सम्बद्ध अन्तर्राष्ट्रिय खेल संघ वा महासंघ रहेछन् भने | (२) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-<br>"(३) उपदफा (२) बमोजिम परिषद्मा दर्ता हुन निवेदन दिने नेपालका मौलिक खेल बाहेकका अन्य खेल संघ वा महासंघले सोही खेलसँग सम्बद्ध अन्तर्राष्ट्रिय खेल संघ वा महासंघ रहेछन् भने त्यस्तो संघ वा महासंघको एक वर्षभित्र आबद्धता लिनु पर्नेछ | अन्तर्राष्ट्रिय स्तरमा हुने प्रतियोगितामा खेल संघ/महासंघबाट खेलाडीको प्रतिनिधित्व हुने भएकोले समन्वयकारी भूमिका निभाउन। |

| | | | | |
|---|---|---|---|---|
| | | त्यस्तो संघ वा महासंघले एक वर्षभित्र आबद्धता लिनु पर्नेछ र सो समयावधिभित्र आबद्धता नलिएमा त्यस्ता खेल संघ वा महासंघको हैसियत स्थानीय खेल संस्था वा क्लव सरह मानिनेछ। | र सो समयावधिभित्र आबद्धता नलिएका खेलसंघ वा महासंघले राष्ट्रिय मान्यता पाउने छैनन् र त्यस्तो खेलसंघ वा महासंघको हैसियत स्थानीय खेल संस्था वा क्लब सरह मानिनेछ।“ | |
| | दफा २६ को उपदफा (१०) मा संशोधन। | उपदफा (९) मा तोकिएको अवधि समाप्त हुनु अघि सम्बन्धित खेल संघ वा महासंघले नवीकरणको लागि तोकिए बमोजिमका कागजातहरु संलग्न गरी परिषद्मा निवेदन दिनु पर्नेछ। यसरी परिषद्मा दर्ता तथा नवीकरण नभएका खेल संघ वा महासंघको हैसियत स्थानीय खेल संघ वा क्लव सरह मानिनेछ। | (३) उपदफा (१०) को सट्टा देहायको उपदफा (१०) राखिएको छः-<br>“(१०) उपदफा (९) बमोजिमको अवधि समाप्त हुनु भन्दा अघि खेल संघ वा महासंघले नवीकरणको लागि तोकिए बमोजिमका कागजातहरू संलग्न गरी परिषद्को कार्यालयमा निवेदन दिनु पर्नेछ। यसरी परिषद्मा निवेदन नपरेका तथा नवीकरण नभएका खेल संघ वा महासंघले राष्ट्रिय मान्यता पाउने छैनन् र त्यस्ता खेलसंघ वा महासंघको हैसियत स्थानीय खेल संघ वा क्लब सरह मानिनेछ।” | खेल संघ/महासंघलाई तोकिएको अवधिभित्र नवीकरण गर्नु पर्छ भन्ने मान्यतालाई अनुसरण गर्न गराउन। |
| १०. | दफा २८ मा संशोधन। | खण्ड (झ) परिषद्को स्वीकृति लिई अन्तर्राष्ट्रियस्तरमा हुने | १०. **मूल ऐनको दफा २८ मा संशोधनः** (१) खण्ड (झ) मा रहेका 'परिषद्को स्वीकृति लिई भन्ने शब्दहरूको सट्टा "समितिको स्वीकृति लिई" भन्ने शब्दहरू राखिएका छन्। | परिषद्को बैठक वर्षको कम्तीमा दुई पटक बस्ने कार्य सिमालाई सरलीकृत गर्न। |

| | | | | |
|---|---|---|---|---|
| | | खेलकुद प्रतियोगितामा भाग लिन सदस्य वा खेलाडीलाई पठाउने, | | |
| | दफा २८ को खण्ड (ञ) मा संशोधन। | (ञ) परिषद्लाई जानकारी दिई अन्तर्राष्ट्रियस्तरमा हुने खेलकुद सम्बन्धी तालिम, सभा, गोष्ठी, सेमिनार वा सम्मेलनमा भाग लिन सदस्य वा खेलाडीलाई पठाउने। तर नेपाल सरकारलाई थप आर्थिक व्ययभार पर्ने भएमा मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।" | (२) खण्ड (ञ) मा रहेका "परिषद्लाई जानकारी दिई" भन्ने शब्दहरूको सट्टा "समितिलाई जानकारी दिई" भन्ने शब्दहरू राखिएका छन्। | खेल संघ/महासंघले समेत परिषद्लाई जानकारी दिने व्यवस्था गर्नु भन्दा कार्यकारी समितिलाई जानकारी दिने व्यवस्था गर्न उपयुक्त हुने भएको। |
| | दफा २८ को खण्ड (ट) पछि खण्ड (ट१) थप। | हाल व्यवस्था नभएको। | (३) दफा २८ को खण्ड (ट) पछि खण्ड (ट१) थप गरिएको छः-<br>"(ट१) विदेशी प्रशिक्षक वा खेलाडी झिकाउँदा समितिको सिफारिसमा मन्त्रालयको पूर्व स्वीकृति लिनुपर्ने," | विदेशी प्रशिक्षक वा खेलाडी झिकाउने सम्बन्धी प्रस्तुत ऐनमा स्पष्ट कानूनी व्यवस्था नभएकोले सोलाई यस ऐनमा नै समावेश गर्न आवश्यक भएको। |
| ११ | दफा २८ पछि दफा | हाल व्यवस्था नभएको। | ११. **<u>मूल ऐनको दफा २८ पछि देहायको दफा २८क. थपिएको छः-</u>** | निर्वाचनलाई स्वच्छ, निष्पक्ष र मर्यादित |

| | | | | |
|---|---|---|---|---|
| | २८क. थप। | | "२८क. **<u>खेल संस्थाको पदाधिकारी तथा सदस्यको निर्वाचन समयमै सम्पन्न गर्नु पर्ने:</u>** (१) खेल संस्था दर्ता गर्दा पदाधिकारी तथा सदस्यको रुपमा विधानमा व्यवस्था भएका पदाधिकारी तथा सदस्य खेल संस्थाको संस्थापक कार्य समितिको रुपमा रहनेछन् र सो समितिले खेल संस्था दर्ता भएको मितिले छ महिनाभित्र खेल संस्थाका पदाधिकारी तथा सदस्यको निर्वाचन सम्पन्न गर्नु पर्नेछ।<br><br>(२) खेल संस्थाका पदाधिकारी तथा सदस्यले आफ्नो पदावधि सकिनु भन्दा कम्तीमा एक महिना अगावै खेल संस्थामा आउने नयाँ पदाधिकारी तथा सदस्यको निर्वाचन सम्पन्न गरी सक्नु पर्नेछ।<br><br>(३) उपदफा (२) बमोजिमको अवधिमा निर्वाचन सम्पन्न गर्न नसकेमा परिषद्ले खेल संस्थाका पदाधिकारी तथा सदस्यको पदावधि सकिएको मितिले तीन महिनाभित्र खेल संस्थाका नयाँ आउने पदाधिकारी तथा सदस्यको निर्वाचन सम्पन्न गर्ने गरी तदर्थ कार्य समिति गठन गर्न सक्नेछ।<br><br>(४) उपदफा (३) बमोजिमको तदर्थ कार्य समितिले पनि खेल संस्थाका नयाँ आउने पदाधिकारी तथा सदस्यको निर्वाचन गर्न नसकेमा परिषद्ले त्यस्तो खेल संस्थाको परिषद्मा गरिएको दर्ता खारेज गर्न सक्नेछ।" | बनाउन र खेल संस्था नियमन गर्न । |

| | | | | |
|---|---|---|---|---|
| १२. | दफा २९ मा संशोधन। | २९. निलम्बन गर्न सक्नेः (१) कुनै राष्ट्रिय खेल संघ वा महासंघले दफा २८ बमोजिमका कुनै शर्त उल्लंघन गरेमा परिषद्ले सम्बन्धित संघलाई निश्चित अवधि तोकी त्यस्तो शर्तको पालना गर्न निर्देशन दिन सक्नेछ।<br>(२) उपदफा (१) बमोजिमको अवधिभित्र कुनै संघले परिषद्ले दिएको निर्देशन पालना नगरेमा त्यस्तो संघलाई परिषद्ले तीन महिनासम्मका लागि निलम्बन गर्न सक्नेछ।<br>(३) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गरी निलम्बन फुकुवा गर्न निवेदन दिएमा परिषद्ले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी त्यस्तो संघको निलम्बन फुकुवा गर्नेछ।<br>(४) कुनै संघको उपदफा (२) बमोजिमको अवधिसम्म निलम्बन फुकुवा नभएमा परिषद्ले त्यस्तो संघमा कायम रहेको कार्य समिति भंग गरी तीन महिनाभित्र अर्को | १२. **मूल ऐनको दफा २९ मा संशोधनः** मूल ऐनको दफा २९ को ठाउँठाउँमा रहेको "परिषद्ले" भन्ने शब्दको सट्टा "समितिले" भन्ने शब्द राखिएको छ। | परिषद्को बैठक कम्तीमा वर्षको दुई पटक बस्ने भएकोले संघको निलम्बनको कार्यकारी समितिले गर्न सक्ने गरी व्यवस्था गर्न आवश्यक भएको। |

| | | | | |
|---|---|---|---|---|
| | | कार्यसमिति निर्वाचन वा गठन गर्नु पर्ने शर्त तोकी त्यस्तो संघको तदर्थ कार्यसमिति गठन गर्न सक्नेछ।<br>(५) उपदफा (४) बमोजिम तीन महिनाभित्र तदर्थ समितिले अर्को कार्यसमिति निर्वाचन वा गठन नगरेमा परिषद्मा दर्ता भएको संघलाई कारबाही गरी परिषद्ले दर्ता खारेज गर्न सक्नेछ।<br>(६) उपदफा (४) र (५) बमोजिमको जानकारी परिषद्ले मन्त्रालय, नेपाल ओलम्पिक कमिटी र सम्बन्धित खेलको अन्तर्राष्ट्रिय खेल संघ वा महासंघलाई दिनु पर्नेछ।<br>(७) कुनै राष्ट्रिय खेल संघ वा महासंघलाई निलम्बन वा खारेज गर्ने निर्णय गर्नु अघि परिषद्ले त्यस्तो संघ वा महासंघलाई आफ्नो सफाइ पेश गर्ने मौका दिनु पर्नेछ । | | |

| | | | | |
|---|---|---|---|---|
| १३. | दफा ३० को उपदफा (१) मा संशोधन। | (१) नेपाल भित्र तथा अन्तर्राष्ट्रिय क्षेत्रमा आयोजना हुने खेलमा सहभागी हुने कुनै पनि खेलाडीले प्रतिबन्धित औषधि सेवन गर्नु हुँदैन। | १३. **<u>मूल ऐनको दफा ३० मा संशोधनः</u>** (१) उपदफा (१) मा रहेका "प्रतिबन्धित औषधि सेवन गर्नु हुँदैन" भन्ने शब्दहरूको सट्टा "प्रतिबन्धित औषधि सेवन गर्न वा एन्टीडोपिङ सम्बन्धी राष्ट्रिय वा अन्तर्राष्ट्रिय मापदण्ड बमोजिमको विधि उल्लङ्घन गर्नु हुँदैन" भन्ने शब्दहरू राखिएका छन्:- | नेपाल अन्तर्राष्ट्रिय एन्टिडोपिङ एजेन्सीको सदस्य राष्ट्र भएकोले सो को मापदण्ड बमोजिम गर्न अनिवार्य भएको हुँदा ऐनमा नै समावेश गर्न वाञ्छनिय भएको। |
| | दफा ३० को उपदफा (२) मा संशोधन। | स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि "प्रतिबन्धित औषधि" भन्नाले अन्तर्राष्ट्रियरुपमा मान्यताप्राप्त संस्थाद्वारा खेलाडीले प्रयोग गर्न नपाउने गरी प्रतिबन्ध लगाएको औषधि वा विधि सम्झनु पर्छ। | (२) उपदफा (२) को स्पष्टीकरणको सट्टा देहायको स्पष्टीकरणको राखिएको छः-<br>"स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि "प्रतिबन्धित औषधि" भन्नाले राष्ट्रिय एन्टीडोपिङ एजेन्सी वा अन्तर्राष्ट्रिय रुपमा मान्यताप्राप्त एन्टीडोपिङ संस्थाद्वारा खेलाडीले प्रयोग गर्न नपाउने गरी प्रतिबन्ध लगाएको औषधि वा विधि सम्झनु पर्छ।" | |
| १४. | दफा ३२ को खण्ड (क) मा संशोधन। | (क) दफा ३० को उपदफा (१) बमोजिम प्रतिबन्धित औषधि सेवन गरेमा, | १४. **<u>मूल ऐनको दफा ३२ मा संशोधनः</u>** मूल ऐनको दफा ३२ को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-<br>"(क) दफा ३० को उपदफा (१) विपरित प्रतिबन्धित औषधि सेवन गरेमा वा एन्टीडोपिङ सम्बन्धी राष्ट्रिय वा अन्तर्राष्ट्रिय मापदण्ड बमोजिमको विधि उल्लङ्घन गरेमा," | एन्टीडोपिङ सम्बन्धी राष्ट्रिय वा अन्तर्राष्ट्रिय मापदण्ड बमोजिमको विधि उल्लङ्घन गरेमा कसूर मानिने व्यवस्था गर्न। |
| १५. | दफा ३४ को सट्टा | **<u>मुद्दा हेर्ने अधिकारीः</u>** दफा ३३ को खण्ड (क), (ख), (ग) र (घ) | १५. **<u>मूल ऐनको दफा ३४ मा संशोधनः</u>** मूल ऐनको दफा ३४ को सट्टा देहायको दफा ३४ राखिएको छः- | दफा ३३ बमोजिम सजाय हुने कसूरको शुरु |

| | | | | |
|---|---|---|---|---|
| | दफा ३४ राखिएको छ। | बमोजिम सजाय हुने कसुर सम्बन्धी मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार जिल्ला अदालतलाई र खण्ड (ङ), (च) र (छ) बमोजिम सजाय हुने कसुर सम्बन्धी मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार परिषद्लाई हुनेछ। | "**३४. <u>मुद्दा हेर्ने अधिकारीः</u>** दफा ३३ को खण्ड (ग), (घ), (च) र (छ) बमोजिम सजाय हुने कसुर सम्बन्धी मुद्दाको शुरु कारबाही तथा किनारा गर्ने अधिकार जिल्ला अदालतलाई, खण्ड (क) र (ख) बमोजिम सजाय हुने कसूरसम्बन्धी मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार दफा ४३ बमोजिमको राष्ट्रिय एन्टीडोपिङ एजेन्सीलाई र खण्ड (ङ) बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार सदस्य सचिवलाई हुनेछ।" | कारवाही र किनारा गर्ने अधिकारमा जिल्ला अदालत, सदस्य सचिव तथा राष्ट्रिय एन्टीडोपिङ एजेन्सीलाई दिई विशिष्ट तथा गाम्भिर्यताको आधारमा सजाय हुने गरी निर्धारण गर्न आवश्यक भएको। |
| १६. | मूल ऐनको दफा ३६ मा संशोधन। | दफा ३३ को खण्ड (क), (ख), (ग) र (घ) बमोजिमको कसूर गरेमा सजाय हुने मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ मा समावेश भएको मानिनेछ। | १६. **<u>मूल ऐनको दफा ३६ मा संशोधनः</u>** "दफा ३३ को खण्ड (क), (ख), (ग) र (घ) भन्ने शब्दहरूको सट्टा "दफा ३३ को खण्ड (ग) र (घ)" भन्ने शब्दहरू राखिएका छन्। | कसूर तथा सजायलाई थप व्यवस्थित गर्नुपर्ने भएको। |

| | | | | |
|---|---|---|---|---|
| १७. | मूल ऐनमा दफा ४२क. र ४२ख. थप। | हालको व्यवस्था नभएको। | **१७. <u>मूल ऐनमा दफा ४२क. र ४२ख. थपः</u>** मूल ऐनको दफा ४२ पछि देहायका दफा ४२क. र दफा ४२ख. थपिएका छन्ः-<br>"४२क. <u>छानबिन समिति गठन गर्न सक्नेः</u> (१) खेल संघ वा महासंघको बीचमा वा खेल विधाका विषयमा विवाद भएमा त्यसको निर्क्यौल गर्न परिषद्ले परिषद्को सदस्यको संयोजकत्वमा सम्बन्धित क्षेत्रको प्रतिनिधित्व रहने गरी छानविन समिति गठन गर्न सक्नेछ।<br>(२) उपदफा (१) बमोजिमको छानविन समितिको कार्यावधि तथा कार्यक्षेत्रगत शर्तहरू त्यस्तो समिति गठन गर्दाका बखत परिषद्ले निर्धारण गरे बमोजिम हुनेछ।<br>(३) उपदफा (१) बमोजिमको छानविन समितिले आफूलाई सुम्पिएको विषयमा छानविन गरी सुझाब वा सिफारिस सहितको प्रतिवेदन तयार गरी परिषद्मा पेश गर्नु पर्नेछ।<br>(४) उपदफा (३) बमोजिम प्राप्त प्रतिवेदनबाट सुझाब वा सिफारिस गरेका विषय परिषद्ले कार्यान्वयन गर्न वा गराउनेछ।<br>४२ख. **<u>अवैतनिक सद्भावना दुत नियुक्त गर्न सक्नेः</u>** (१) नेपाल सरकारले खेल क्षेत्रमा ख्याती | खेल संघ/महासंघबाट सम्पादन हुने कार्यलाई थप व्यवस्थित गर्नुका अतिरिक्त यिनमा देखा पर्ने समस्याहरुलाई समाधान गर्न आवश्यकता बमोजिम छानविन गर्नुपर्ने भएको। |

| | | | | |
|---|---|---|---|---|
| | | | कमाएका तथा खेलकुद क्षेत्रमा सकारात्मक सन्देश फैलाउन सहयोग गरेका व्यक्तिहरूलाई अवैतनिक खेलकुद सद्भावना दुत नियुक्त गर्न सक्नेछ।<br>(२) उपदफा (१) बमोजिम नियुक्त अवैतनिक खेलकुद सद्भावना दुतको भूमिका तोकिए बमोजिम हुनेछ।" | खेल क्षेत्रसँग सम्बन्धित व्यक्तिहरुलाई उत्प्रेरणा प्रदान गर्नुका साथै प्रोत्साहन प्रदान गरी खेलकुद क्षेत्रलाई प्रवर्द्धन गर्न र खेल क्षेत्रमा प्रचार प्रसार गर्न अवैतनीक खेलकुद सद्भावना दुत नियुक्त गर्ने व्यवस्था आवश्यक भएको। |
| १८. | मूल ऐनको दफा ४३ मा संशोधन। | | **<u>१८. मूल ऐनको दफा ४३ मा संशोधन:</u>** मूल ऐनको दफा ४३ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-<br>"(१) खेलकुदमा प्रतिबन्धित औषधि सेवन विरुद्ध कार्य गर्न स्वशासित र स्वायत्त संस्थाको रुपमा एक राष्ट्रिय एन्टीडोपिङ एजेन्सी रहनेछ।" | अन्तर्राष्ट्रिय एन्टिडोपिङ एजेन्सीको सदस्य राष्ट्र भएकोले सो को मापदण्ड अनुसार कार्यान्वयन पक्षलाई कानूनमा समेत समेट्नु पर्ने भएको। |
| १९. | मूल ऐनको दफा ५१ मा संशोधन। | हालको व्यवस्था नभएको। | **<u>१९. मूल ऐनको दफा ५१ मा संशोधन:</u>** मूल ऐनको दफा ५१ को उपदफा (२) पछि देहायका उपदफा (३) र (४) थपिएका छन्:- | खेल संस्थालाई जवाफदेही र जिम्मेवार बनाउन परिषद्ले निर्देशन दिने र त्यस्तो निर्देशनको |

| | | | | |
|---|---|---|---|---|
| | | | “(३) परिषद्ले खेल संस्थालाई खेलकुद र खेल संस्था सम्बन्धी विषयमा यस ऐन तथा प्रचलित कानूनको प्रतिकुल नहुने गरी आवश्यक निर्देशन दिन सक्नेछ।<br>(४) उपदफा (३) बमोजिम परिषद्ले दिएको निर्देशनको पालना गर्नु सम्बन्धित खेल संस्थाको कर्तव्य हुनेछ।” | पालना गर्नु सम्बन्धित सम्बन्धित खेल संस्थाको कर्तव्य हुने व्यवस्था गर्न। |